वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १५६ २०८३ असोज २३ गते शुक्रबार, नेपाल सम्वत् ११४६ October 09, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-



सडकको नाला निर्माण

तनहुँको भानु नगरपालिका-१३ अन्तर्गत विर्ता-हाजीचोक सडक खण्डको लम्के बनको उकालोमा सडक नाला निर्माण गरिदै । दमौली-पोखरीछाप सडक खण्डअन्तर्गत विर्ता-हाजीचोक खण्डको सालघारी उकालोमा सडक मर्मत सुधार नहुँदा सामान्य पानी पर्दसमेत सवारी साधान र यात्रुले सास्ति झेल्नुपरेको छ ।

तस्विर : भञ्ज्याङ

मानसिक स्वास्थ्यसंगै लागुऔषध नियन्त्रणमा समुदायको जोड

ढोरफूलबारी शहीद अस्पतालमा सचेतना तथा योग कार्यक्रम, आत्महत्या रोकथाममा खुलेर संवाद गर्न आग्रह

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको शुक्लागण्डकी नगरपालिका-११ स्थित ढोरफूलबारी शहीद अस्पतालमा मानसिक स्वास्थ्य सचेतना, योग तथा लागुऔषध नियन्त्रणसम्बन्धी कार्यक्रम सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँको आयोजनामा बिहीबार कार्यक्रम गरिएको हो ।

कार्यक्रममा मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम, योग तथा लागुऔषध दुर्व्यसन नियन्त्रणका विषयमा सरोकारवालाबीच छलफल गरिएको थियो। सहभागीले मानसिक स्वास्थ्य समस्यालाई लुकाएर राख्नेभन्दा समयमै पहिचान गरी खुलेर कुरा गर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमको अध्यक्षता शुक्लागण्डकी नगरपालिका-१० का वडा अध्यक्ष तथा अस्पताल व्यवस्थापन समितिका सदस्य राजेन्द्र भट्टराईले गरेका थिए। प्रमुख अतिथिका रूपमा तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारी तथा सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मी सहभागी थिए ।

त्यस्तै, जिल्ला समन्वय समितिका सदस्य खिमलाल भण्डारी, हरिनास गाउँपालिका-३ का वडा अध्यक्ष ओमप्रकाश सिग्देल तथा प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँका प्रमुख अमर दवाडी लगायतले सहजिकरण गरेका थिए।

कार्यक्रमको उद्देश्यबारे प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँका प्रमुख दवाडीले जानकारी गराएका थिए । कार्यक्रममा ढोरफूलबारी शहीद अस्पतालका प्रमुख मेडिकल अधिकृत डा. विज्ञान क्षेत्री, शुक्लागण्डकी नगरपालिकाका जनस्वास्थ्य अधिकृत सन्ध्या पौडेल, इलाका प्रहरी कार्यालय बेलचौताराका प्रहरी निरीक्षक धननारायण श्रेष्ठ, नगरपालिकाका मनोसामाजिक परामर्शकर्ता विजया पौडेल, आयुर्वेद शाखा प्रमुख वरिष्ठ कविराज निरीक्षक गोपालप्रसाद श्रेष्ठ, प्रदेश जनस्वास्थ्य कार्यालयका मनोसामाजिक तथा खोप फोकल पर्सन शंकरबाबु अधिकारी र परिवार नियोजन फोकल पर्सन सुदीप कँडेलले विभिन्न विषयमा सहजीकरण गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी तिवारी र सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले तनहुँ जिल्ला तथा शुक्लागण्डकी क्षेत्रमा लागुऔषध दुर्व्यसनको अवस्था, यसबाट उत्पन्न चुनौती तथा नियन्त्रणका लागि अपनाउनुपर्ने रणनीतिबारे जानकारी गराएका थिए। लागुऔषध नियन्त्रणका लागि प्रहरीको प्रयाससँगै परिवार, विद्यालय, समुदाय र स्थानीय तहको समन्वय आवश्यक रहेकोमा जोड दिइएको थियो ।

कार्यक्रममा वर्तमान तथा निवर्तमान जनप्रतिनिधि, विद्यालयका

बाँकी तेश्रो पेजमा



घरदैलोमै सामाजिक सुरक्षा भत्ता र स्वास्थ्य सेवा

भञ्ज्याङ समाचारदाता/आँबुखैरेनी

तनहुँको आँबुखैरेनी गाउँपालिकाले दशैंको मुखमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिक तथा अन्य लाभग्राहीको घरदैलोमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरणसँगै सामान्य स्वास्थ्य जाँच तथा स्वास्थ्य परामर्श सेवा प्रदान गरेको छ ।

'जहाँ हाम्रा नागरिक, त्यही हाम्रो कार्यालय, त्यही हाम्रो सेवा' भन्ने भावनासहित गाउँपालिकाले आँबुखैरेनी गाउँपालिका वडा नं. ४ र ६ का विभिन्न टोलमा पुगेर सेवा प्रवाह गरेको हो ।

भत्ता लिनका लागि कार्यालय वा बैंकसम्म पुग्नुपर्ने अवस्थाका कारण ज्येष्ठ नागरिक तथा अशक्त लाभग्राहीले भोग्नुपर्ने असहजतालाई ध्यानमा राख्दै गाउँपालिकाले घरदैलोमै सेवा पुऱ्याएको जनाएको छ । सामाजिक सुरक्षा भत्ता वितरणसँगै स्वास्थ्यकर्मीको सहभागितामा सामान्य स्वास्थ्य परीक्षण तथा आवश्यक स्वास्थ्य परामर्शसमेत दिइएको थियो ।

दशैंजस्ता ठूला चाडपर्वको समयमा ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई घरमै सेवा उपलब्ध गराउँदा उनीहरूलाई सहज हुनुका साथै स्थानीय सरकार नागरिकको नजिक रहेको अनुभूति गराउन सहयोग पुग्ने गाउँपालिकाको विश्वास छ ।



कार्यक्रममा खटिएका कर्मचारी तथा स्वास्थ्यकर्मीले लाभग्राहीको अवस्था बुझ्दै आवश्यक स्वास्थ्य सम्बन्धी सुझावसमेत दिएका थिए। गाउँपालिकाले नागरिकलाई सहज, सरल र घरदैलोमै सेवा उपलब्ध गराउने उद्देश्यअनुसार यस्ता कार्यक्रमलाई प्राथमिकता दिँदै आएको जनाएको छ ।

बाँकी तेश्रो पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

खाँचो औद्योगिक ग्रामको

आर्थिक वर्ष २०७६/७७ देखि ल्याइएको "एक स्थानीय तह : एक औद्योगिक ग्राम" नीति देशको ग्रामीण अर्थतन्त्रलाई उद्यमशीलतासँग जोड्न र स्वदेशमै रोजगारी सिर्जना गर्न ल्याइएको एक महत्वाकांक्षी योजना हो । यही नीति अन्तर्गत तनहुँको आँवुखैरेनी गाउँपालिकामा स्थापना गरिएको "आँवुखैरेनी औद्योगिक ग्राम" पछिल्लो समय ग्रामीण रोजगारीको सम्भावनालाई मूर्त रूप दिन सफल भएको उदाहरणका रूपमा अगाडि आएको छ। आँवुखैरेनी गाउँपालिकाको करिब ९० रोपनी क्षेत्रफलमा फैलिएको यो औद्योगिक ग्राम २०८१ सालको असार महिनादेखि औपचारिक रूपमा सञ्चालनमा आएको हो । गाउँपालिकाले दुई वटा टहरा निर्माण गरी प्रारम्भिक संरचना तयार गरेपछि यो स्थान अहिले स्थानीय महिलाहरूको लागि सीप विकास, उत्पादन र आम्दानीको प्रमुख आधार बनिरहेको छ। बिशेषगरी घरायसी कामकाजमै सीमित रहँदै आएका महिलाहरु अब बाँस र फलामजन्य उत्पादनमा सक्रिय भएर उत्पादनशील श्रममा जोडिन थालेका छन्, जुन ग्रामीण समावेशी विकासको दृष्टिकोणले अतिनै स्वागतयोग्य परिवर्तन हो ।

ग्राममा अहिले बाँसजन्य उत्पादनमा सोफा सेट, मुढा, नाङ्लो, झोलुङ्गा, डाइनिङ सेट, टुथपिक, चपस्टिक जस्ता सामग्री उत्पादन भइरहेका छन् भने फलामजन्य क्षेत्रमा व्यायाम उपकरण, पिङ, ठेलागाडा, कृषि औजार र डेक्स-बेन्च जस्ता सामग्री निर्माण भइरहेको छ। यस्ता सामग्री उत्पादनका लागि स्थानीय स्रोतसाधन, श्रम र सीपको प्रयोग भएको छ । यसले न केवल स्थानीय उत्पादनलाई प्रोत्साहन दिएको छ, तर महिलाहरूलाई सीप सिकाउने, आत्मनिर्भर बनाउने र आर्थिक सशक्तिकरणतर्फ उन्मुख गराउने अवसर प्रदान गरेको छ । स्थानीय महिला गौरी गुरूङ र सपना गुरूङले युट्युबमार्फत सिकेको सीप प्रयोग गर्दै हाल बाँसजन्य सामग्री उत्पादन गरिरहेकी छन्। उनीहरूका अनुसार गाउँमै रोजगारी पाउँदा परिवार पाल्न सजिलो भएको छ भने सीपमा आत्मविश्वास बढेको छ । गाउँपालिकाबाट निर्माण गरिएको संरचनाले वातावरण तयार गरिदिएपछि महिलाहरु तालिम लिएर कार्यशील बन्न सक्नु स्थानीय सरकारको सकारात्मक पहलको नतिजा हो । ६० वर्षीया सानुमाया भुजेलले उत्पादन गरिएका वस्तुहरु अझ ठूलो बजारसम्म पुऱ्याउन सक्ने व्यवस्थापन भए थप आम्दानी र रोजगारीको सम्भावना रहेको बताउँछिन् । हालसम्म उत्पादन स्थानीय स्तरको माग अनुसार सीमित रहेको र बजार पहुँचको अभावले सम्भावनाहरु सीमित भएका छन् । यसकारण उत्पादनलाई बाह्य बजारसम्म पुऱ्याउन सघन रणनीति आवश्यक देखिन्छ ।

औद्योगिक ग्राम सञ्चालनमा संघ, प्रदेश र पालिकाबीच सहकार्य रहेको छ । हालसम्म संघ सरकारबाट १ करोड ९० लाख रूपैयाँ र प्रदेश तथा पालिकाबाट १ करोड ८० लाख रूपैयाँ बजेट विनियोजन भइसकेको छ । यति ठूलो लगानी पश्चात् ग्रामलाई दिगो र व्यावसायिक रूपमा सञ्चालन गर्न 'कम्पनी मोडल'मा लैजाने रणनीति बनाइएको छ । आगामी वर्षहरूमा थप १० वटा साना तथा मझौला उद्योग स्थापना गरी कम्तीमा १०० जना स्थानीयलाई प्रत्यक्ष रोजगारी दिने लक्ष्य गाउँपालिकाले लिएको छ, जुन अत्यन्तै उत्साहजनक योजना हो । औद्योगिक ग्राममा हाल १२ जना महिला र ४ जना पुरूषले स्थायी रूपमा रोजगारी पाएका छन् । तर, गाउँपालिकाले मात्र दीर्घकालीन व्यवस्थापन गर्न सक्दैन भन्ने बुझेपछि अहिले पब्लिक-प्राइभेट पार्टनरशिपमा आधारित मोडेलमा जान छलफल अघि बढाइएको छ । यस्तो मोडेलले निजी क्षेत्रको लगानी, व्यवस्थापन र प्रविधिलाई सरकारी सहयोगसँग मिलाएर अझ स्थायीत्व प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ ।

आजको दिनमा जब युवा रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन्, गाउँमै सीप आधारित रोजगारी सिर्जना गर्नु अत्यावश्यक आवश्यकता हो । आँवुखैरेनी औद्योगिक ग्रामले देखाएको मार्ग यही दिशामा एक प्रेरणादायी कदम हो । विशेष गरी महिलाहरूलाई आत्मनिर्भर बनाउँदै गाउँको अर्थतन्त्र सुदृढ बनाउन यसले खेलेको भूमिका उल्लेखनीय छ । अब यो प्रयासलाई अझ प्रभावकारी बनाउनु छ भने बजार पहुँच, उत्पादनको गुणस्तर वृद्धि, ब्रान्डिङ, निर्यात सम्भावना, सीप अभिवृद्धि र प्रविधि सुदृढीकरणमा ध्यान दिनु आवश्यक छ। साथै, ग्रामको भौतिक पूर्वाधार विस्तार, मेशिन उपकरण मर्मत सम्भार र नवप्रवर्तनमा लगानी अपरिहार्य देखिन्छ । आँवुखैरेनी औद्योगिक ग्रामले सुरूवातको सफल झल्को दिएको छ । यदि यसको सशक्त रूपान्तरणलाई अझ सघन नीति, स्रोत, सहकार्य र दिगो संरचनाले साथ दिइयो भने, यो ग्राम ग्रामीण उद्यमशीलता र महिला सशक्तिकरणको राष्ट्रिय नमूना बन्न सक्छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

अबको कांग्रेस 'ब्लड'बाट 'विचार' तिर, शेरबहादुर विसर्जनतिर

नेपाली कांग्रेसको विधानमा टेकेर भृकुटीमण्डपमा सम्पन्न विशेष महाधिवेशनबाट पार्टीको नेतृत्वदायी तहमा पुगेका कांग्रेस सभापति गगनकुमार थापाले अगाडि सारेको प्रस्तावित राजनीतिक प्रतिवेदन ले राजनीतिक तरङ्ग उत्पन्न गराएको छ । पार्टीको ऐतिहासिक १५औँ महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनले राष्ट्रिय राजनीतिलाई दिशानिर्देश गर्ने देखिन्छ । जेनजी विद्रोहपश्चात सम्पन्न नियमित, अर्थात् १५औँ महाधिवेशनलाई सो पार्टीका सभापति थापाले वैचारिक आधारलाई २१औँ शताब्दीअनुकूल पुनर्व्याख्या गर्नुपर्ने समेतको प्रस्ताव अगाडि सारेका छन् ।

राजनीतिक प्रतिवेदन

प्रस्तावितमात्र नभई राजधानीको खुलामञ्चमा अवस्थित तराई-मधेश हलमा पेश तथा पास राजनीतिक प्रस्तावमा खासगरी राष्ट्रिय सहमतिका आधारमा मात्र संविधान संशोधन, प्रधानमन्त्रीको कार्यकाल दुईपटक मात्र, संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकारको पावर बाँडफाँड र पार्टीभित्र भने उम्मेदवार चयनमै मतदानबाट हुने प्रावधान अगाडि सारेका छन् । सभापति थापाले त्यसको अलावा जनतासँग जोडिन छाँया सरकार गठन, जेनजी आन्दोलनको मागलाई सम्बेधनसँगै त्यसक्रममा भएको बल प्रयोग र हिंसाका दोषीलाई कारबाही हुनुपर्ने विषय समेत उठाएका छन् ।

प्रतिवेदनमा युवाको असन्तुष्टि र माग अध्ययन गर्न युवा विज्ञ कार्यदल, निजी क्षेत्रलाई उत्पादनको साझेदार बनाइनुपर्नेसँगै पार्टीभित्र भने प्रशिक्षण, नीति निर्वाचन र सुशासनसम्बन्धी संरचनाको आवश्यकता सभापति थापाले औँल्याएका छन् । थापाले प्रतिवेदनमा भनेका छन्, 'पार्टीभित्र आर्थिक पारदर्शिता लेखा परीक्षण, सार्वजनिक पदाधिकारी नियुक्तिमा भागबण्डाको अन्त्य, भ्रष्टाचारको आरोप लागेका नेता/कार्यकर्ताको संरक्षण नगरिनेसँगै विदेशमा रहेका नेपालीले समेत मतदान गर्न पाउने व्यवस्थाको परिकल्पना गरिएको छ ।

पार्टी रूपान्तरणको मुद्दा

पार्टीलाई परम्परागत ढर्राबाट एकैपटक रूपान्तरण गरी आम कार्यकर्ताको पार्टी बनाउने सन्दर्भमा कोशेढुङ्गा नै साबित हुने गरी रूपान्तरणसहित पुस्तान्तरणको एजेण्डा अगाडि सारेर महाधिवेशनको मैदानमा उत्रिएका गगन आजका मितिमा कांग्रेसमा सर्वस्वीकार्य नेताका रूपमा देखिएका छन् ।

सभापति थापाले अगाडि सारेको राजनीतिक प्रतिवेदनमाथि उठेको प्रश्नको जवाफको समापनमा उनले कांग्रेस अबण् 'विरासत' बाट होइन विचारबाट चल्ने पार्टी बनाइने बताइराख्दा हलमा कर्तल ध्वनीका साथ उक्त विचारको स्वागत गरेबाट आम महाधिवेशन प्रतिनिधिले कांग्रेसबाट 'कोइराला-नीधि वा सिंह' भन्दा पनि 'विचार' खोजेको प्रष्टै देख्न सकिन्थ्यो।

कांग्रेस कार्यकर्ताले उद्घाटन शत्रमा 'देउवा, खड्का र कोइराला' शेरवहादुर देउवा, पूर्णबहादुर खड्का र शेखर-शशांक कोइरालाहरूलाई खुलामञ्चमै खोजे। सभापति थापाको राजनीतिक प्रतिवेदनको अध्ययन, त्यसमाथिको छलफल र त्यसमा उठेका प्रश्नको जवाफ दिएलगत्तै सभापति थापाप्रतिको समस्त कांग्रेसजनको विश्वास चुलियो । त्यसपछि उद्घाटनमा खोजिएका अनुहारको तिर्सना मेटिएको छ ।

अब देउवा, खड्का र कोइराला बाहिरिए पनि पार्टीको आन्तरिक जीवनमा खासै फरक नपर्ने निष्कर्ष प्रतिनिधिहरूले निकालेका छन् । शहीद परिवार, जेनजी उमेर समूह, प्रजातन्त्रका सेनानीदेखि पिछडा वर्ग हुँदै कर्णाली, महिला, मधेसी, मुस्लिम, आदिवासी-जनजाति, दलित, लोपोन्मुख, सीमान्तकृत तथा अल्पसंख्यक समुदायसहित विभिन्न पेशागत समेतको क्लष्टरबाट पार्टी केन्द्रीय समितिमा गरिने सहभागिताले सिङ्गै कांग्रेसजनमा उत्साह सञ्चार भएको पाइन्छ ।

सभापतिका रूपमा गगनका चुनौती

विभिन्न क्लष्टरबाट केन्द्रीय समितिमा प्रतिनिधित्व आउनुपर्ने भएकै कारण २९७ सदस्यीय केन्द्रीय समिति बनाउनु परेको बाध्यता पार्टी नेतृत्वबाट हलमा सुनाइयो। जेन-जी उमेर समूहदेखि शहीद परिवार हुँदै भूगोल समेत समेट्नु परेकैले केन्द्रीय समितिको आकार ठूलो हुनु स्वाभाविक हो। तर, १५औँ महाधिवेशनबाट पूरा कार्यकालको लागि सभापति बन्दै गरेका गगनकुमार थापाका लागि केन्द्रीय समितिमा पहिलोपटक प्रवेश गर्दै गरेका 'नवप्रवेशी'लाई राजनीतिक रूपमा रूपान्तरण गर्ने चुनौती भने पहिलो दिनदेखि नै देखा पर्नेछ ।

लोकतान्त्रिक दललाई सञ्चालन गर्न आवश्यक पहिलो शर्त भनेकै विचार हो । कांग्रेसको केन्द्रीय समितिमा विचारविहीनहरूको निकै ठूलो भिड एकसाथ प्रवेश पायो र उक्त भिडलाई विचारले प्रशिक्षित गर्न नसक्ने हो भने पार्टीले अराजकताको बाटो समाउने निश्चितप्रायः छ । यो चुनौती सभापति थापाको सानोतिनो मिहेनतले पार लाग्ने देखिँदैन ।

पार्टीलाई कमजोर बनाउनेमात्र नभई हिजो सम्पन्न आम निर्वाचनमा 'रूख चिह्नमा भोट नहालेकै हो' भन्ने कांग्रेसरूपी 'भाइरस' सानो 'ज्येष्ठ नागरिक क्लब' निर्माणको पूर्व तयारीमा छ । त्यो समूहले गर्ने क्षतिको समेत आँकलन गरी पार्टी संगठन निर्माण गर्ने चुनौती समेत सभापत थापामाथि थपिएको छ । सत्ताका निम्ति तत्कालीन राजा ज्ञानेन्द्र शाहको उक्साहटमा पार्टी नै फोड्न उद्धत शेरबहादुरहरू आजका मितिमा कांग्रेसबाहिर नै छन् ।

उनीहरू छिट्टै कांग्रेसमा फर्किहाल्ने वा कांग्रेस समेतले पनि पार्टीमा भित्र्याइहाल्ने स्थिति देखिँदैन । तसर्थ, उनीहरूले अदालतसम्म पुऱ्याएको विषय, निर्माण गर्दै गरेको कांग्रेस 'चुनदेवी समूह' र आसन्न स्थानीय तहको निर्वाचनमा 'चुनदेवी समूह' ले एमाले वा स्वतन्त्र पार्टीलाई मत ट्रान्सफर गर्नसक्ने चुनौती विद्यमान छ । नयाँ बन्ने कांग्रेस केन्द्रीय समितिका लागि उपरोक्त विषय अर्को चुनौती बन्नसक्छ । १५औँ महाधिवेशन र त्यसबाट छनौट हुँदै गरेको केन्द्रीय नेतृत्वले यी र यावत विषयमा समेत विहंगम बहस गर्न जरूरी देखिन्छ ।

देउवाले गुमाएको अवसर

हामीले बिर्सिएका छैनौं, त्यो '२०५९ असोज १८' । यो दिन स्वयं शेरबहादुर देउवा, अर्थात् कांग्रेसका तत्कालीन सभापति देउवाको निम्ति पनि स्मरण भइरहने मिति हो । जननिर्वाचित प्रधानमन्त्री रहेकै अवस्थामा २०५९ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्रले देउवालाई 'अक्षम' को पगरी गुथाएर अपदस्थ गरेका थिए। भलै, त्यसदिनसम्म पुग्दा उनले नेपाली कांग्रेस विभाजन गरी प्रजातान्त्रिक कांग्रेस बनाइसकेका थिए । जब राजाले उनलाई प्रधानमन्त्रीबाट अपदस्थ गरे, त्यसपछिको सवाल केवल कांग्रेस विभाजन र एकताको रहेन ।

कांग्रेसकै अगुवाइमा स्थापित लोकतान्त्रिक व्यवस्था र नागरिक अधिकारमाथि धावा बोलिएको थियो ।

बाँकी तेश्रो पेजमा



तपाईको आज

मेष
नयाँ काम सुरू गर्न अनुकूल समय छ। साथीभाइको साथले आत्मविश्वास बढ्नेछ। आर्थिक पक्षमा मध्यम लाभ हुनेछ।

वृष
धैर्य राख्नुपर्ने दिन छ। काममा सानो अवरोध आउन सक्छ। परिवारबाट सहयोग पाइनेछ।

मिथुन
नयाँ अवसर प्राप्त हुने, वैदेशिक वा व्यापारिक काममा सफलता मिल्नेछ। बोलीमा संयमता अपनाउनु आवश्यक छ ।

कर्कट
मनमा उत्साह बढ्नेछ। काममा सफलता मिल्नेछ। स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस्।

सिंह
नेतृत्व गर्ने अवसर प्राप्त हुन सक्छ। सामाजिक प्रतिष्ठा बढ्नेछ। आर्थिक लाभ हुने संकेत छ। तर अहंकार त्याग्नु राम्रो।

कन्या
धार्मिक वा आध्यात्मिक कार्यमा मन जानेछ। काममा ढिलासुस्ती हुन सक्छ, समय व्यवस्थापन आवश्यक छ।

तुला
स्वास्थ्यमा समस्या आउन सक्छ, सावधानी अपनाउनुहोस्। आर्थिक लेनदेनमा सतर्क रहनुहोस्।

वृश्चिक
साझेदारीमा लाभ हुने सम्भावना छ। दाम्पत्य जीवन सुखद रहनेछ। नयाँ सम्बन्ध स्थापित हुन सक्छ।

धनु
प्रतिस्पर्धामा सफलता मिल्नेछ। शत्रु पराजित हुनेछन्। स्वास्थ्यमा सुधार आउनेछ।

मकर
रचनात्मक कार्यमा सफलता मिल्नेछ। प्रेम सम्बन्ध सुदृढ बन्नेछ। सन्तान पक्षबाट खुशीको खबर आउन सक्छ।

कुम्भ
घरायसी काममा व्यस्तता बढ्नेछ। पारिवारिक सहयोग मिल्नेछ। अचल सम्पत्ति सम्बन्धी काममा सफलता मिल्ने संकेत छ।

मीन
सञ्चार र यात्रामा सफलता मिल्नेछ। नयाँ ज्ञान प्राप्त हुने सम्भावना छ। साथीभाइसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ।

भुजेल भाषा-संस्कृति जोगाउने अभियानमा चलचित्र

भञ्ज्याङ समाचारदाता/तनहुँ

हराउँदै गएको मातृभाषा, मौलिक संस्कार र पुस्तौंदेखि चलिआएको जीवनपद्धतिको संरक्षण गर्ने उद्देश्यले तनहुँमा भुजेल भाषामा आधारित चलचित्र निर्माण गरिएको छ । भुजेल समाज सेवा समिति तनहुँको पहलमा निर्माण गरिएको 'ब्राओ आपुक रा (ठुल्दाइको नाङ्लो)' चलचित्रले भुजेल समुदायको सामाजिक जीवनसँगै पछिल्लो समय देखिएका आर्थिक तथा सामाजिक चुनौतीलाई पर्दामा उतारेको छ ।

समुदायका अध्यक्ष पृथ्वी भुजेलको लेखन तथा निर्देशनमा तयार भएको चलचित्रमा भुजेल समुदायको परम्परागत पेसा, सीप र जीवनशैली परिवर्तनसँगै त्यसले निम्त्याएको असरलाई कथाको मुख्य विषय बनाइएको छ । विशेषगरी बाँसबाट सोलि, डालो, नाङ्लो लगायत सामग्री बनाउने परम्परागत सीप भए पनि उत्पादित सामग्रीले बजार नपाउँदा पेसाप्रति आकर्षण घट्दै गएको अवस्थालाई चलचित्रमा देखाइएको छ ।

परम्परागत सीपको निरन्तरतासँगै रोजगारीको अभाव र युवा पुस्ताको विदेश पलायनलाई पनि चलचित्रले समेटेको छ । शिक्षित युवाले स्वदेशमै अवसर नपाउँदा वैदेशिक रोजगारी रोज्नुपर्ने बाध्यता तथा त्यसले परिवार र समुदायको सामाजिक संरचनामा पारिरहेको प्रभावलाई कथामार्फत प्रस्तुत गरिएको निर्देशक भुजेलले बताए।

उनका अनुसार चलचित्र मनोरञ्जनका लागि मात्र नभई भुजेल समुदायको मौलिक भाषा, कला, संस्कार, संस्कृति र सामाजिक परिवेशको अभिलेखका रूपमा पनि निर्माण गरिएको हो । नयाँ पुस्तामा आफ्नै भाषा र संस्कृतिप्रतिको जानकारी तथा अपनत्व कमजोर हुँदै गएको अवस्थामा दृश्य माध्यमबाट त्यसलाई सुरक्षित गर्ने प्रयास गरिएको उनले बताए ।

उनले भने, "भाषा र संस्कृति समुदायको पहिचान र अस्तित्वसँग जोडिएको हुन्छ । नयाँ पुस्ताले आफ्नै भाषा, संस्कार र परम्परालाई बुझ्न सकोस् भन्ने उद्देश्यले चलचित्र निर्माण गरेका हौं ।"

चलचित्रको छायाङ्कन तनहुँका भुजेल समुदायको सांस्कृतिक तथा सामाजिक उपस्थिति रहेका बन्दीपुर, आँबुखैरेनी र देवघाट क्षेत्रमा गरिएको छ। स्थानीय भूगोल र परिवेशलाई कथाको पृष्ठभूमि बनाउँदै परम्परागत जीवनशैली, सामाजिक सम्बन्ध तथा समुदायले भोगिरहेका समस्यालाई दृश्यमा उतारिएको छ ।

चलचित्रमा दुईवटा गीत समावेश छन् । झ्याउरे र चुड्का शैलीका गीतमा पृथ्वी भुजेल र दीपिका बोयम्बु मगरको स्वर रहेको छ भने सङ्गीत पृथ्वी भुजेलले दिनुभएको छ। विपिनकुमार चौलागाईले छायाङ्कन, प्रवेश पोखरेलले सम्पादन तथा डोलराज बारघरे मगरले ध्वनि सम्पादन गरेका छन् ।

चलचित्रमा पृथ्वी भुजेल, कान्छी भुजेल, जोन भुजेल, पिन्की भुजेल, रेशम भुजेल र जुना भुजेललगायत कलाकारको अभिनय रहेको छ ।

भुजेल समाज सेवा समिति तनहुँले चलचित्रलाई आगामी असोज ३० गते दमौलीमा प्रदर्शन गर्ने तयारी गरेको छ । चलचित्र प्रदर्शनमार्फत समुदायभित्र मात्र नभई अन्य समुदायलाई समेत भुजेल भाषा, संस्कृति, परम्परागत सीप र सामाजिक अवस्थाबारे जानकारी गराउने लक्ष्य समितिको छ ।

समितिका अनुसार चलचित्रले मौलिक पहिचान संरक्षणसँगै परम्परागत सीपको महत्व, त्यसको बजार सम्भावना र नयाँ पुस्तालाई आफ्नै संस्कृति तथा भाषासँग जोड्ने विषयमा समेत बहस सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

व्यासबाट रास्वपाको 'हामी आउँदैछौं' अभियान

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको व्यास नगरपालिकाबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले 'हामी आउँदैछौं' अभियान सुरू गरेको छ । बिहीबार व्यासमा आयोजित कार्यक्रममार्फत अभियानको औपचारिक सुरूवात गरिएको हो । अभियानको



सुरूवात कार्यक्रममा रास्वपा गण्डकी प्रदेश सभापति नवीन त्रिपाठी, सांसदद्वय बिना गुरुङ र झवीप्रसाद डुम्रे तथा प्रदेश महामन्त्री कृष्णप्रसाद लम्साल सहभागी थिए। कार्यक्रममा पार्टीका नेता, कार्यकर्ता तथा समर्थकको उपस्थिति रहेको थियो।

व्यासबाट अभियान सुरू गरेसँगै रास्वपाले तनहुँमा संगठन विस्तार, जनसम्पर्क तथा राजनीतिक गतिविधिलाई थप सक्रिय बनाउने संकेत गरेको छ। अभियानमार्फत स्थानीय नागरिकसँग प्रत्यक्ष संवाद र पार्टीका गतिविधिलाई जनस्तरसम्म पुऱ्याउने तयारी रहेको पार्टीले जनाएको छ।

तनहुँमा यसअघि पनि विभिन्न राजनीतिक गतिविधि गर्दै आएको रास्वपाले नयाँ अभियानलाई संगठनात्मक सक्रियता बढाउने अवसरका रूपमा लिएको छ ।

अभियानअन्तर्गत जिल्लाका विभिन्न स्थानमा आगामी दिनमा कार्यक्रम तथा जनसम्पर्कका गतिविधि सञ्चालन हुने बताइएको छ । यद्यपि, अभियानको आगामी कार्यक्रम, कार्यतालिका र यसको विस्तृत उद्देश्यबारे भने पार्टीले थप जानकारी सार्वजनिक गरेको छैन ।

अबको कांग्रेस 'ब्लड'बाट .....

त्यसका विरूद्ध देशका सम्पूर्ण प्रजातान्त्रिक शक्तिहरू एक ठाउँमा उभिनु जरूरी थियो । त्यो अपदस्थ देउवामाथि मात्रै थिएन, जनअधिकार र जनादेशको अपदस्थ थियो । त्यसैले देश क्रमशः आँधीमय आन्दोलनमा जुट्यो । त्यो संघर्षले २०६२-०६३ मा सफलता पायो ।

अब यो असोज १८ को कुरा गरौं, आजभन्दा पाँच दिनअगाडिको

राजधानीको खुलामञ्चमा कांग्रेसको ऐतिहासिक १५औं महाधिवेशनको उद्घाटन थियो । १४औं महाधिवेशनका निर्वाचित सभापतिबाटै १५औं महाधिवेशन उद्घाटको अपेक्षामा देशभरका कांग्रेसजन थिए। त्यसरी महाधिवेशन उद्घाटन गरिदिन देउवा निवासमा पत्र लिएर गएका सभापति थापालाई उनले भेट्नै दिएनन् । नेता देउवा र व्यक्ति देउवा फरक हुन् । गगन थापा व्यक्ति देउवा हैन, नेता देउवा भेट्न गएका थिए। तर, उनले अनुदार राजनीतिको उदाहरण पेश गरे- सामान्य भेट नदिई फिर्ता पठाए ।

राजनीतिक इतिहासमा नेताका हातमा अवसरहरू आउँछन्, जान्छन् । कतिपय अवसरलाई उनीहरूले उपयोग गर्छन्, कतिपय अवसरलाई 'अवसर' नै मान्दैनन्। शेरबहादुर देउवा नेपाली कांग्रेसको जीवनमा राजनीतिक इतिहास, ऐतिहासिक भूमिका, त्याग र समर्पणले युक्त व्यक्ति हुन् भन्नका लागि कुनै आइतबार कुर्नुपर्दैन । तर, जब नेताले प्राप्त अवसरको सदुपयोगको सट्टा दुरूपयोग गर्छन्, वा नजरअन्दाज गर्छन्- त्यसबाट एउटा मामुली मान्छेबाट 'नेता' का रूपमा स्थापित भएको मूल्यमा गिरावट आउँछ ।

आज शेरबहादुर देउवाले आफ्नै मूल्यलाई अवमूल्यन गरेका छन् । पार्टीभित्रका तीतो-मीठो एक ठाउँमा थियो । महाधिवेशन भनेको सबै कांग्रेसको हो । भित्रका तीता-मीठालाई भित्रै बसेर छिनोफानो लगाउन महाधिवेशन आयोजना गरिएको हो । तर, एउटा राजनीतिक व्यक्ति, त्यो पनि 'शेरबहादुर देउवा' जस्तो अजङ्गको उचाई बनाएको मान्छेले त्यसरी महाधिवेशन उद्घाटन गर्ने एउटा ऐतिहासिक समय गुमाउनु मामुली कुरा होइन । कांग्रेसले देउवाबाट महाधिवेशन उद्घाटन गराउने अवसरमात्रै गुमाएन, स्वयं देउवाले आफू नेता हुँ भनेर प्रमाणित गर्ने अवसर पनि गुमाएका छन् ।

त्यसो त उपचारको नाममा सिंगापुर गएका देउवा राजनीतिक शरणका निम्ति चीन अधिनस्थ हङकङ पुगे। त्यहाँबाट विश्वविजेता अलेक्जेण्डरझैं नेपाल फर्किएका देउवा आफ्नै पार्टीका कार्यालय नगएर कान्छाराम तामाङद्वारा राखिएको सम्पर्क कार्यालय पुगेर आफूलाई निर्णयहीन व्यक्तिको रूपमा उभ्याए । तत्कालीन राजा ज्ञानेन्द्र शाहले अपदस्त गरेकै दिन आयोजित कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन गर्न खुलामञ्च पुगेका भए देउवाले इतिहासमा पटक-पटक पार्टी फुटाउने दागबाट उम्कन छूट पाउने थिए ।

तत्कालज्ञीन सभापति देउवाले खुलामञ्च इतिहासमा पुनः एकपटक पार्टी चोइट्याउने दागबाट उम्कने नसक्ने स्थितिमा पुगेका छन्। जसले जीवनको उत्तरार्द्धमा उनीसँगै कांग्रेसमै जीवन बिताएका प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधी, पूर्णबहादुर खड्का, शशांक कोइराला र शेखरसमेतको राजनीतिलाई एकैसाथ बिट मार्ने अवस्थामा पुऱ्याएको छ । उल्लेखित नेताहरू जीवनको उत्तरार्द्धमा रहेकाले उनीहरूको बहिर्गमनलाई ठीकै मान्न सकिन्छ । तर, बद्री पाण्डे, कुन्दनराज काफ्ले, एनपी साउँद, भूपेन्द्र राई र जीत शेरचनजस्ता कांग्रेसमै सम्भावना भएका नेतासमेतको राजनतिमा विश्राम लाग्न पुगेको छ ।

यसरी असोज १८ को अवमूल्यन गर्दा शेरबहादुर देउवाको त लामो संघर्षबाट निर्मित अग्लो व्यक्तित्वमात्रै विसर्जन भयो । तर, पछिल्लो छिमलका उपरोक्त नेताका त भविष्यदेखि आगामी ऐतिहासिक भूमिका पनि विसर्जनप्रायः छन् । व्यापारीले बजार र नेताले राजनीति नबुझ्नु उस्तै हो- दुवै आ-आफ्नो ठाउँबाट विस्थापित हुनुपर्छ ।

महाधिवेशनपछि परिदृश्य

कांग्रेसको ऐतिहासिक महाधिवेशनले देशैभरका कांग्रेसजनमा उत्साह सञ्चार गरेको पाइन्छ । जारी माहाधिवेशनको उद्घाटन शत्र र प्रतिवेदनउपर उठेको प्रश्नको जवाफको सन्दर्भमा सो पार्टीका सभापति गगनकुमार थापाले गरेको सम्बोधनमा व्यक्त विचारले कांग्रेसजनलाई मात्र नभई सिङ्गै प्रजातन्त्रवादीलाई उत्साह सञ्चार गरेको पाइन्छ । हालै सम्पन्न आम निर्वाचनमा कांग्रेस पार्टी दोस्रो भए पनि सो पार्टीको सभापति थापाले राष्ट्रिय राजनीतिमा खेलेको भूमिका र व्यक्त विचारले सिंगो देशको ध्यान यतिबेला गगनतिर सोझिएको छ ।

उनै गगनले कांग्रेसको जारी महाधिवेशनलाई आन्तरिक नेतृत्व परिवर्तनको एजेण्डामा गौण बनाए, राष्ट्रिय एजेण्डामा मात्रै महाधिवेशनलाई रूपान्तरण गरे । उनले सिङ्गै देशलाई नै राष्ट्रिय एजेण्डामा बहस गर्नैपर्ने बाध्यतामा डोऱ्याए । जसका कारण कांग्रेसजनले १५औं महाधिवेशनलाई पार्टीको 'वैचारिक डिर्पाचर' को सुखद अवसरको रूपमा समेत प्राप्त गर्न सक्नेछन् ।

पूरानो राजनीतिक संस्कारबाट आफूलाई बाहिर निकाल्दै वैचारिकताको जगमा मात्र कांग्रेसलाई बदल्न सकिन्छ भन्ने 'गगन विचार' लाई आत्मसात् गरेर कांग्रेस 'ब्लड'को विरासतबाट 'विचार' को बाटोमा अगाडि बढेको समेत प्रष्टै देख्न सकियो । महाधिवेशनको हलले 'प्रष्ट विचार' निर्माणको एजेण्डा पास गरेबाट कांग्रेसले यतिबेला 'रूपान्तरण र पुस्तान्तरण' एकैसाथ गरेकैले देशभरका कांग्रेसजनमा उत्साहको सञ्चार समेत देखिएको छ । नेपालप्रेसबाट

(लेखक नेपाली कांग्रेसको १५औं महाधिवेशनका प्रतिनिधि हुन् ।)

घरदैलोमै सामाजिक .....

स्थानीय सरकारबाट प्रवाह हुने सेवा कार्यालयको चौघेराभित्र सीमित नराखी आवश्यकताअनुसार नागरिककै घरदैलोमा पुऱ्याउनुपर्ने मान्यतालाई व्यवहारमा उतार्ने प्रयासका रूपमा यस कार्यक्रमलाई लिइएको छ ।

गाउँपालिकाले सेवा प्रवाहमा प्रत्यक्ष रूपमा खटिएका सम्पूर्ण कर्मचारी, स्वास्थ्यकर्मी तथा सहयोग गर्ने सम्बन्धित सबैप्रति आभार व्यक्त गरेको छ ।

मानसिक स्वास्थ्यसंगै .....

प्रधानाध्यापक तथा शिक्षक, अस्पताल र शुक्लागण्डकी नगरपालिका-१० तथा ११ अन्तर्गतका स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सञ्चारकर्मी, प्रहरी, युवा क्लबका अध्यक्ष तथा प्रतिनिधि, समाजसेवी, नागरिक अगुवा र अन्य सरोकारवालाको सहभागिता थियो।

मानसिक स्वास्थ्य समस्याका विषयमा समाजमा अझै पनि रहेको संकोच र भ्रम हटाउन समुदायस्तरबाटै संवाद आवश्यक रहेको सहभागीले बताएका थिए। विशेषगरी आत्महत्याको जोखिममा रहेका व्यक्तिको पहिचान, मनोसामाजिक सहयोग तथा आवश्यक स्वास्थ्य सेवामा पहुँच बढाउन परिवार र समुदायको भूमिका महत्वपूर्ण हुनेमा जोड दिइएको थियो ।

कार्यक्रमको सञ्चालन ढोरफूलबारी शहीद अस्पतालमा कार्यरत एचए तथा मनोसामाजिक फोकल पर्सन सफल आलेले गरेका थिए । कार्यक्रमले मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्दै आत्महत्या रोकथाम र लागुऔषध नियन्त्रणका लागि स्वास्थ्य, सुरक्षा, स्थानीय सरकार, विद्यालय र समुदायबीच सहकार्य बलियो बनाउनुपर्ने सन्देश दिएको छ । आयोजकले 'मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम सम्बन्धी खुलेर कुरा गरौं, स्वस्थ रहौं' भन्ने सन्देशसहित सचेतना विस्तारमा जोड दिएको जनाएको छ ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक ८ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

स्तनपान र पुरक तथा थप खाना बारे जानकारी :

- जन्मेको १ घण्टा भित्र स्तनपान गराउन सुरू गर्ने ।
- जन्मेदेखि ६ महिनाको उमेरसम्म शिशुलाई आवश्यक पर्ने सम्पुर्ण पोषक तत्व आमाको दुधले नै प्रदान गर्ने भएकोले पुर्ण स्तनपान गराउने (अन्य कुनै खाना वा झोल कुरा नखुवाउने)
- ६ महिना पूरा भइसकेपछी बच्चालाई आमाको दुधले मात्र नपुग्ने भएकाले स्तनपानको साथ साथै थप आहार दिन सुरू गर्नु पर्छ
- पुरक तथा थप खाना खुवाउँदा ४ प्रकारका खानेकुरा (अन्न/कन्दमुल, गेडागुडी, हरियो सागपात/फलफुल र पशुजन्य खाना) मिसाएर खुवाउने ।
- ६-९ महिनाको बच्चाले कम्तिमा ३ पटक थप खाना खानु पर्दछ
- ९-१२ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र १ पटक खाजा खानु पर्दछ ।
- १२-२४ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र २ पटक खाजा खानु पर्दछ ।

बच्चालाई पुरक तथा थप खाना बनाउँदा २ बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुनको प्रयोग गर्नु पर्छ। साथै खाना खानु अघि पछि साबुन पानीले हात मिचिमिचि धुने र स्वच्छ पानीको प्रयोग गर्नु पर्छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ

दमौली तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



प्राकृतिक दृष्यले भरिभूर्ण मानुङकोट

तनहुँको व्यास नगरपालिका-५ मा अवस्थित मानुङकोट । प्राकृतिक, सॉस्कृतिक एवं ग्रामीण पर्यटनको उत्कृष्ट गन्तव्यका रूपमा विकसित भएको मानुङकोट घुम्ने र रम्ने समय सुरू भएको छ । चिसो मौसम सुरू भएसंगै यहाँबाट दमौली तथा आसपासको क्षेत्रमा लाग्ने कुहिरो, उत्तरी क्षेत्रमा लहरै मिलेर बसेका सेता हिमालका साथै यहाँबाट देखिने आकर्षक पहाडका तरेली, सूर्योदय, सूर्यअस्ता तथा पहाडका खोच, बेसी, उपत्यका लगायतका प्राकृतिक सुन्दर दृष्यको अध्ययन अवलोकन गर्न सकिन्छ ।

तस्विर : आलोक कुमाल/भञ्ज्याङ

यस्तो छ माछापुछ्रे 'इन्क्लाइन' परियोजना

भञ्ज्याङ समाचारदाता/गण्डकी

ठाडै उकालोमा २० हजार सिँढी पार गर्न कति समय लाग्ला? एथलेटिक्स खेलाडीका लागि यो केही घण्टाको लक्ष्य हुन सक्छ । तर, जोकोहीका लागि भने यो चानचुने दुरी होइन । खेलाडीदेखि पदयात्री पर्यटकसम्मलाई साहस र रोमाञ्चकताको अनुभूति दिलाउन झण्डै सात किमि दुरीमा नयाँ पदमार्ग बन्ने भएको छ । जसलाई माछापुछ्रे 'इन्क्लाइन' परियोजनाका रूपमा अघि बढाइएको छ ।

परियोजना तोकिएकै समयमा कार्यान्वयनमा आएमा देशकै पर्यटन क्षेत्रका लागि यो नयाँ 'प्रडक्ट' हुनेछ । कास्कीको माछापुछ्रे गाउँपालिका-९ मा सञ्चालन हुने परियोजनाअन्तर्गत समुद्री सतहदेखि ११ सय मिटरमा रहेको सैँतीघट्टदेखि ३८ सय मिटरको उचाइमा अवस्थित कोर्चाङसम्म अन्तर्राष्ट्रिय मापदण्डसहितको पदमार्ग बन्ने जनाइएको छ । पर्यटन व्यवसायी एवं परियोजनाका परिकल्पनाकार गणेशबहादुर थापाका अनुसार उक्त पदमार्ग ४५ डिग्रीसम्म ठाडो हुनेछ।

आफू अमेरिका भ्रमणमा गएका बेला कोलोराडोमा यस्तै पदमार्ग देखेपछि माछापुछ्रे 'इन्क्लाइन'को जुक्ति फुरेको उहाँले सुनाउनुभयो। दुई वर्षअघि खुमैडाँडाको पदयात्राका क्रममा कोर्चाङदेखि सैँतीघट्टको ओरालो झर्दा उहाँमा त्यो सोच पलाएको थियो । पछि उहाँसहित माछापुछ्रे गाउँपालिकाको पहल र अगुवाईमा परियोजनाको प्रस्तावले मूर्त रूप लियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्म प्रस्ताव पेश भयो ।

"यो नेपालका लागि पहिलो र नमुना परियोजना हो", उहाँले भन्नुभयो, "सरकारले यसको अपनत्व लिइसकेको छ, छिट्टै परियोजनामा कार्यान्वयनमा जान्छ भन्नेमा हामी विश्वस्त छौं ।" केही दिनअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडगराज पौडेल, मन्त्रालयका सचिवसहितको टोलीले प्रस्तावित परियोजनास्थलको अवलोकनसमेत गरेको थियो । त्यस क्रममा मन्त्री पौडेलले परियोजनाका लागि सरकारका तर्फबाट बजेटको कमी नहुनेदिइने प्रतिबद्धता जनाउनुभएको थियो ।



तीन वर्षभित्रमै काम सक्ने गरी परियोजना अगाडि बढाइने उहाँको भनाइ थियो । माछापुछ्रे हिमालको फेदमा बन्ने यो परियोजनाले संसारभरका पर्यटक तथा साहसिक खेलाडीलाई आकर्षित गर्ने थापाले बताउनुभयो । उहाँका अनुसार सर्वसाधारणका लागि २० हजार सिँढी पार गर्न तीन दिन लाग्ने अनुमान गरिएको छ । "म्याराथनका खेलाडीले कम समयमै पार गर्न सक्छन्, तर सामान्य मानिसलाई दिनमा पाँच हजारभन्दा बढी सिँढी पार गर्न गाह्रो हुन्छ", उहाँले भन्नुभो ।

हरेक सिँढी चढ्दा नयाँ उचाइ हासिल हुने गरी संरचना बनाउने योजना रहेको थापाले बताउनुभयो। पदमार्ग निर्माण हुँदा सिँढीको संख्या केही घटबढ हुन सक्ने उहाँको भनाइ छ । स्थानीय ढुङ्गा प्रयोग गरेर बनाइने सिँढी दस फिट चौडा र छ इञ्ज अग्लो हुने उहाँले बताउनुभयो ।

मेगा परियोजना भएकाले यसमा सरकारले लगानीसँगै स्थानीयवासीको सहभागितालाई पनि सुनिश्चित गर्नुपर्ने थापाले बताउनुभयो। सहकारी र सामुदायिक ढाँचामा प्रभावित क्षेत्रका बासिन्दालाई परियोजनामा जोड्नुपर्ने उहाँको भनाइ छ । उक्त पदमार्गलाई एथलेटिक्स खेलको प्रतियोगिता तथा तालिम केन्द्रका रूपमा विकास गर्न सकिने जनाइएको छ । खेलाडी मात्र नभएर विश्वभरका पर्यटक हिमाली भेगको पदयात्राको नयाँ अनुभव बटुल्न यहाँ आउने विश्वास गरिएको छ ।

माछापुछ्रे गाउँपालिकाका अध्यक्ष मिनबहादुर गुरूङले चालु आवमा पर्यटन मन्त्रालयबाट परियोजनाका लागि रू. पाँच करोड विनियोजन भएको बताउनुभयो । मन्त्रालयले अन्तर्राष्ट्रिय मापदण्डसहितको 'माछापुछ्रे इन्क्लाइन स्टेप्स रनिङ ट्रेल निर्माण'का लागि उक्त बजेट विनियोजन गरेको हो ।

गत आवमा रू. तीन करोड बजेट छुट्टिएकामा 'जेन्जी' आन्दोलनलगायत विविध कारणले काम सुरू हुन सकेको थिएन । "पर्यटन मन्त्रीले बजेटको कमी हुन नदिने प्रतिबद्धता जनाउनुभएको छ, बहुवर्षीय आयोजनाअन्तर्गत यस वर्ष रू. पाँच करोड विनियोजन भएको छ", उहाँले भन्नुभयो, "पर्यटन मन्त्रालयले नै परियोजना कार्यान्वयन गर्छ, स्थानीयस्तरमा गाउँपालिकाले समन्वय गर्दै आएको छ ।"

परियोजनाको वातावरणीय प्रभाव मुल्याङ्कनको प्रकृया पनि अगाडि बढेको अध्यक्ष गुरूङले बताउनुभयो। यसअघि गाउँपालिकाले बनाएको विस्तृत परियोजना प्रतिवेदन थप परिमार्जन हुने उहाँको भनाइ छ । परियोजना निर्माणमा झण्डै ५० करोड लागत अनुमान गरिएको छ । पदमार्गमा ठाउँठाउँमा विश्रामका लागि चौतारी, उद्यान, तलाउ, शौचालयलगायत संरचना बन्नेछन् ।

यस्तै हरेक पाँच सय मिटरमा चिया पसल, प्राथमिक उपचार केन्द्र रहने जनाइएको छ । होटल, हेलिप्याड, अस्पताललगायत संरचना निर्माणलाई पनि विस्तृत परियोजना प्रतिवेदनमा समेटिएको छ । सिँढी चढेर माथि पुगेपछि फर्कनका लागि छुट्टै पदमार्ग बनाउने योजना छ । यस्तै बीचमै यात्रा राकेर फर्कनेका लागि बाहिर निस्कने छुट्टै मार्ग रहने जनाइएको छ। पदमार्गमा जनावर ओहोरदोहोर गर्नका लागि छुट्टै मार्ग बन्नेछ।

ट्रेकिङ ऐजिन्सिज एसोसियसन अफ नेपाल (टान), गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले माछापुछ्रे 'इन्क्लाइन'लाई खेल पर्यटनको गन्तव्यका रूपमा विकास गर्नुपर्ने बताउनुभयो । अल्ट्रा दौडका लागि विश्वभरका धावकहरू यहाँ आकर्षित हुने उहाँको भनाइ छ । "हिमाली क्षेत्रमा ३८ सय मिटर उचाइसम्म हिँड्न र दौडनका लागि पनि खेलाडीहरू यो पदमार्गमा लालयित हुनेछन्", उहाँले भन्नुभयो, "खेलाडी मात्र नभएर साहसिक गतिविधि रूचाउने सौखिन पर्यटकका लागि पनि यो आकर्षक गन्तव्य बन्छ ।"

माछापुछ्रे 'इन्क्लाइन' परियोजना सञ्चालनमा आउँदा पर्यटकीय राजधानी पोखरा मात्र नभएर देशले नै लाभ लिने अध्यक्ष आचार्यले बताउनुभयो । परियोजना प्रारम्भिक चरणमै रहेकाले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्ष लागिपर्नुपर्ने उहाँको भनाइ छ ।

facebook twitter



Muma Ram Khanal
x.com/MumaRamKhanal

एकातिर, बाढीले गर्दा हजारौं मानिसको ज्यान गयो, खर्बौंको नीजि तथा सार्वजनिक संपत्ति स्वाहा भयो र लाखौं मानिस यसबाट प्रभावित छन्। अर्कोतिर, चिनसँग आर्थिक कारोबार र यातायात संपर्क हुने सम्पूर्ण नाकाहरु ठप्प छन्।

उत्तरी नाकामा आधारित रहेर विभिन्न किसिमका ब्यापार गर्ने व्यवशायीहरुको लगानी र त्यसको नोक्सानी सुन्ने हो भने सुनिदिने व्यक्तिलाई समेत बाँच्न मन लाग्दैन। यस्तो व्यथित अवस्थामा रहेका व्यवशायी र उनीहरुका परिवारलाई सम्हालिन कति कठिन भएको होला ? संझिदा पनि रिंगटा लाग्छ।

रसुवा र नुवाकोटतिर जाँदा यो स्तरको जनधनको क्षति, विक्षिप्त मनोवैज्ञानिक र पिडीत नागरिकको असहाय अनुहार मैले मेरो जीवनमा आजसम्म देखेको थिइन। सरकारको यस्तो लर्तरो पहलले कुनै परिवर्तनको गुन्जायस देखिदैन। अभिलम्व बहुआयामिक समस्याग्रस्त नागरिक, व्यवशायी र ठूला लगानीकर्ताहरूलाई समेत विश्वस्त पार्न सक्ने राहतको एउटा "ऐतिहासिक महाघोषणा" नगरिकन कुनै पनि नागरिकको मनोवल उठाउन सकिने अवस्था छैन। मुलुकले अब एउटा 'संघनाद'को संकल्प नगरी धरै छैन।



Sharad Raj Pathak
x.com/SharadRPathak

चैत १५ को तीनकुने घटनामा सोही दिनदेखि धेरै पछिसम्म मैले जे जे कुरा लगातार बोले लेखेँ, मानव अधिकार आयोगको प्रतिवेदनमा लगभग शतप्रतिशत नै त्यही निष्कर्ष र सिफारिस रहेछ। चैत १५ को प्रत्यक्षदर्शी/सञ्चारकर्मीकास्मा ६२-६३ सहित विगतका आन्दोलनहरुको रिपोर्टिङको अनुभवका आधारमा यथार्थ बोल्दा लेख्दा यहीँ ट्वीटर र फेसबुकमा दलका कार्यकर्ता/पत्रकार/एउटा दूतावासको कर्मचारीसमेतले मलाई के के भनेनन् ? गोली हान्नुपर्छसम्म भने। विचराहरु । मेरो आज पनि दृढ मान्यता छः राजसंस्थावादीहरुमाथि चरम दमन भएको हुनाले ठिकै भयो नभनेर नेपाली मिडियाले चैत १५ को घटनाबारे वस्तुगत र निष्पक्ष रिपोर्ट गरेको भए, ओली-लेखक सरकारलाई जिम्मेवार बनाउनुको साटो उल्टै सदासयता नदेखाएको भए भदौ २३ को अपुरणीय क्षति शायद हुने थिएन। भदौ २४ को ध्वंश पनि सम्भवतः अर्कै समयसम्मका लागि टर्ने थियो ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४